अक्टोबर 15, 2024

आदरणीय बिरामी:

आफ्नो हेरचाहका लागि University of Vermont Health Network रोज्नुभएकोमा धन्यवाद। हामी तपाईंलाई तपाईंका बीमा कभरेज विकल्पहरूका बारेमा जानकारी प्रदान गरेर तपाईंले हामीबाट आशा राख्नुभएको उच्च गुणस्तरीय स्याहार तपाईं निरन्तर प्राप्त सक्नुहुन्छ भन्ने कुरा सुनिश्चित गर्न चाहन्छौँ।

**जनवरी 1, 2025 देखि, UVM Health Network अस्पतालहरू र आउट अफ नेटवर्क प्रदायकहरूबाट मान्यताप्राप्त स्वास्थ्य बीमा भएका बिरामीहरूले अपोइन्टमेन्ट तय गर्नुअघि समीक्षा प्रक्रिया पूरा गर्नु पर्ने छ।** यस समीक्षा प्रक्रियामा बिरामीहरूले निम्न गर्नुपर्ने हुन सक्छः

- सेवाको समयमा व्यक्तिगत खर्च भुक्तान गर्नुपर्ने; र /वा
- बिरामीको बीमा कम्पनीसँग स्वीकृति समन्वय गर्नुपर्ने।

थप जान्नका लागि, uvmhealth.org/coverageFAQ मा जानुहोस्।

Medicare का लागि योग्य भएका व्यक्तिहरूका लागि, यो समय 2025 का लागि Medicare बीमा योजना चयन गर्ने समय हो। स्वास्थ्य हेरचाह योजना छनोट गर्नु भनेको तपाईंले वर्षभरि लिने सबैभन्दा महत्त्वपूर्ण निर्णयहरूमध्ये एक हो भन्ने कुरा हामी बुझ्छौँ।

**तपाईंले आफ्नो स्वास्थ्य बीमाका विकल्पहरू अनुसन्धान गर्दा, हामी तपाईंलाई तपाईंले चयन गर्नुभएको बीमा योजनामा UVM Health Network इन-नेटवर्क छ भनी सुनिश्चित गर्न अनुरोध गर्छौं।**

हामी हाम्रो क्षेत्रका बीमा कम्पनीहरूसँग मिलेर काम गर्ने प्रयास गर्छौं ताकि हाम्रा बिरामीहरूले स्वास्थ्य बीमा योजनाहरूमा अझ बढी विकल्प पाउन सकून्। यद्यपि, केही योजनाहरूमा UVM Health Network अस्पताल वा तिनीहरूको नेटवर्कमा रहेका प्रदायकहरू समावेश हुँदैनन्। यी अवस्थाहरूमा, तपाईंसँग “आउट-अफ-नेटवर्क" लाभ भएपनि, हामी हामीले प्रदान गरेका सबै सेवाका लागि पूर्ण क्षतिपूर्ति प्राप्त गर्न सक्दैनौँ।

तपाईं अब उपरान्त भर्मन्टमा UVM हेल्थ एड्भान्टेज (MVP हेल्थकेयरमार्फत प्रदान गरिएको) प्रदान गरिने छैन भन्ने घोषणाबाट प्रभावित बिरामी हुनुहुन्छ भने, हामी तपाईंलाई हुने कुनै पनि असुविधाका लागि माफी चाहन्छौँ। तपाईंले हामीलाई आफ्नो हेरचाहमा विश्वास राख्नुभएकोमा हामी कृतज्ञ छौँ र हामी तपाईं इन-नेटवर्क बीमा योजनामा समावेश भएर हाम्रो UVM Health Network समुदायमा रहनु हुने छ भन्ने आशा गर्दछौँ। अझै पनि केही नर्थन न्यूयोर्क काउन्टीहरूमा UVM हेल्थ एड्भान्टेज उपलब्ध छ र UVM Health Network अस्पताल र प्रदायकहरूद्वारा स्वीकृत छ।

**हामी वास्तविक Medicare (भाग A र B) स्वीकार गर्छौं।** *तपाईंले Medicare एडभान्टेज योजना वा निजी बीमा चयन गर्नुभएमा, कृपया UVM Health Network का लागि इन-नेटवर्क कभरेज पुष्टि गर्न आफ्नो बीमा प्रदायकलाई सम्पर्क गर्नुहोस्।*

तपाईंका स्वास्थ्य योजना विकल्पहरू अन्वेषण गर्न, यी स्रोतहरू उपयोगी हुन सक्छन्:

- **Medicare.gov**
- राज्य स्वास्थ्य बीमा बजारहरू:
    - **Vermont Health Connect**, info.healthconnect.vermont.gov, 1-800-250-8427
    - **New York State of Health**, nystateofhealth.ny.gov, 1-855-355-5777

यस समयमा, UVM Health Network ले निम्न Medicare एडभान्टेज योजनाहरू स्वीकार गर्दछ। कृपया बीमाकर्ताहरूसँग UVM Health Network अस्पताल र प्रदायकहरू (जस्तै, WellCare) समावेश नभएका वा UVM Health Network (जस्तै, मानसिक स्वास्थ्य) द्वारा प्रदान गरिएका सबै सेवा समावेश नभएका *निश्चित* योजनाहरू हुन सक्छन् भन्ने कुरामा ध्यान दिनुहोस्। Medicare एडभान्टेज योजना छनोट गर्नुअघि वा अपोइन्टमेन्ट समय तय गर्नुअघि आफ्नो बीमा कम्पनीसँग कभरेज पुष्टि गर्नु उत्तम हुन्छ।

| **बीमा** | **UVM Health Network अस्पताल र प्रदायकहरूद्वारा स्वीकृत:** |
|---|---|
| Aetna | UVM Health Network का सबै अस्पताल र प्रदायकहरूबाट स्वीकार गरिएको |
| CDPHP / CDPHN | UVM Health Network का सबै अस्पताल र प्रदायकहरूबाट स्वीकार गरिएको |
| इम्पायर ब्लूक्रस ब्लूसिल्ड (एन्थम) (Empire BlueCross BlueShield (Anthem) | च्याम्पलेन भ्याली फिजिशियन्स हस्पिटल र प्रदायकहरू, एलिजाबेथटाउन कम्युनिटी हस्पिटल र प्रदायकहरूद्वारा स्वीकार गरिएको (एन्थम बिरामीहरूसँग अन्य UVM Health Network अस्पताल र नेशनल ब्लूक्रस ब्लूसिल्ड नेटवर्कमार्फत प्रदान गरिएका प्रदायकहरूसँगको इन-नेटवर्क पहुँच हुन सक्छ) |
| एक्सेलुस ब्लूक्रस ब्लूसिल्ड (Excellus BlueCross BlueShield) | एलिस हाइड मेडिकल सेन्टर र प्रदायकहरू, च्याम्पलेन भ्याली फिजिशियन्स हस्पिटल र प्रदायकहरू, एलिजाबेथटाउन कम्युनिटी हस्पिटल र प्रदायकहरू, UVM मेडिकल सेन्टर र प्रदायकहरूद्वारा स्वीकार गरिएको (एक्सेलुसका बिरामीहरूसँग अन्य UVM Health Network अस्पताल र नेशनल ब्लूक्रस ब्लूसिल्ड नेटवर्कमार्फत प्रदान गरिएका प्रदायकहरूसँगको इन-नेटवर्क पहुँच हुन सक्छ) |
| Fidelis* | एलिस हाइड मेडिकल सेन्टर र प्रदायकहरू, च्याम्पलेन भ्याली फिजिसियन हस्पिटल र प्रदायकहरू, एलिजाबेथटाउन कम्युनिटी हस्पिटल र प्रदायकहरू, UVM मेडिकल सेन्टर र प्रदायकहरूद्वारा स्वीकार गरिएको |
| Humana / Choice Care | एलिस हाइड मेडिकल सेन्टर र प्रदायकहरू, च्याम्पलेन भ्याली फिजिशियन्स हस्पिटल र प्रदायकहरू, एलिजाबेथटाउन कम्युनिटी हस्पिटल र प्रदायकहरूद्वारा स्वीकार गरिएको |
| MVP / UVM Health Advantage** | UVM Health Network का सबै अस्पताल र प्रदायकहरूबाट स्वीकार गरिएको |
| United Healthcare | UVM Health Network का सबै अस्पताल र प्रदायकहरूबाट स्वीकार गरिएको |
| भर्मन्ट ब्लू एड्भान्टेज (VBA) (ब्लूक्रस ब्लूसिल्ड VT) | सेन्ट्रल भर्मन्ट मेडिकल सेन्टर र प्रदायकहरू, पोर्टर मेडिकल सेन्टर र प्रदायकहरू, UVM मेडिकल सेन्टर र प्रदायकहरूद्वारा स्वीकार गरिएको (VBA बिरामीहरूसँग अन्य UVM Health Network अस्पताल र नेशनल ब्लूक्रस ब्लूसिल्ड नेटवर्कमार्फत प्रदान गरिएका प्रदायकहरूसँगको इननेटवर्क पहुँच हुन सक्छ) |

Fidelis Medicare Advantage योजना प्राय: "WellCare by Fidelis" को रूपमा चिनिन्छ जुन माथि सूचीबद्ध गरिएका साझेदारहरूसँगको इन-नेटवर्कमा छ; तर, योजनामा "Fidelis" लेबल समावेश छैन भने, त्यो सम्भवतः आउट-अफ-नेटवर्क हुने छ र UVM हेल्थ नेटवर्कका अस्पताल र सेवा प्रदायकहरूले यसलाई स्वीकृति नदिन सक्छन्।

** UVM हेल्थ एड्भान्टेज न्युयोर्कका केही काउन्टीका बासिन्दाहरूको सदस्यताका लागि खुला छ। सबै UVM Health Network अस्पताल र प्रदायकहरूले योजनाहरू स्वीकार गरेका छन्।

UVM Health Network ले सधैं बीमा कभरेजको पर्वाह नगरी जो कोहीलाई आपत्कालीन हेरचाह प्रदान गर्ने छ। बिरामीहरूलाई उनीहरूको स्वास्थ्य सेवा अपोइन्टमेन्टहरूअघि वा उक्त समयमा व्यक्तिगत खर्च गर्न पनि अनुमति दिइन्छ। तपाईंलाई आफ्नो बिल भुक्तानीमा सहायता चाहिन्छ भने तपाईं हाम्रो स्वास्थ्य सहायता कार्यक्रम (Health Assistance Program) मा योग्य ठहरिन सक्नुहुन्छ। uvmhealth.org/hap मा गएर थप जान्नुहोस्।

बिरामीहरूको हेरचाह गर्नु हाम्रो पहिलो प्राथमिकता हो। तपाईंको हेरचाहका लागि हामीलाई विश्वस गर्नुभएकोमा धन्यवाद।

भवदीय,

Kelly Champney
उपाध्यक्ष, Managed Care Contracting
University of Vermont Health Network
uvmhealth.org

P.S. स्वास्थ्य बीमा रोज्नु महत्त्वपूर्ण निर्णय हो भन्ने कुरा हामी बुझ्छौँ।  हामी तपाईंका रोजाइहरू बुझ्न मद्दत गर्नका लागि तपाईंलाई जानकारी उपलब्ध गराउने लक्ष्य राख्छौँ।